# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १४१ | काठमाडौं | बिहीबार, २६ भदौ २०८२ | Prabhab National Daily | Thursday, 11 September 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-




काठमाडौंमा मंगलबार जेन-जी आन्दोलनका क्रममा आगजनी भएपछिको सिंहदरबारको अवस्था । *तस्बिरः नवीन पौडेल/रासस*

# जो आगामी नेतृत्वको चर्चामा छन्

■ **जेबी योञ्जन**

**काठमाडौं–** पछिल्लो घटनाक्रमसँगै प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि नयाँ सरकार गठनको कसरत जारी छ । जेन-जी समूह आफ्नो नेतृत्वमा अन्तरिम सरकार गठन गर्न लागिपरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले वार्ताका लागि आह्वान गरेकाले आन्दोलनरत पक्षलाई वार्तामा सहभागी गराउन नेपाली सेनाले मध्यस्थता गरिरहेको छ । विकसित राजनीतिक घटनाक्रमलाई आधार मान्दा गैरदलीय अर्थात् नागरिक सरकार बन्ने सम्भावना बढेको छ । यस्तोमा अन्तरिम सरकारको नेतृत्वमा को हुने ? टुंगो लागेको छैन ।

तर, बुधबार दिउँसो भएको जेन-जी आन्दोलनकारीहरूबीचको 'भर्चुअल' बैठकले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम अघि सारेको छ । उनी मंगलबार जेन-जी आन्दोलन उग्र बन्दा सडक मोर्चामा थिइन् ।

नेपालको सात दशक लामो न्यायालयको इतिहासमा प्रधानन्यायाधीश बनेकी एक्ली महिला कार्की हुन् । उनको श्रीमान् दुर्गा सुवेदी प्रजातान्त्रिक आन्दोलनका शीर्ष योद्धा हुन्, जो पञ्चायती सत्ताविरुद्ध नेपाली कांग्रेसले गरेको सशस्त्र संघर्षलाई सहयोग पुऱ्याउन भारतीय ३० लाख रूपैयाँ बोकेको नेपाल एयरलाइन्सको जहाज अपहरणकर्तामध्येका थिए ।

कार्की पनि प्रजातान्त्रिक आन्दोलनसँग जोडिएकी थिइन् । ७३ वर्षीया उनी मोरङको विराटनगरकी हुन् । २०३५ सालको चैत मध्यतिरदेखि न्याय सेवामा जोडिएकी उनी १६ असार २०७३ मा नेपालको पहिलो महिला प्रधानन्यायाधीश बनेकी थिइन् । ११ महिना

**सुशीला कार्की, बालेन्द्र साह, कुलमान घिसिङ, सागर ढकाल लगायतको नाम चर्चामा**

प्रधानन्यायाधीश हुँदा र न्यायाधीश हुँदा उनले गरेको धेरै फैसला चर्चित बन्यो ।

उनको इजलासले तत्कालीन सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्तालाई जेल पठाउने आदेश सुनाएको थियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा प्रस्तावित लोकमानसिंह कार्कीको नियुक्ति बदर गर्ने निर्णय सुनाएकी थिइन् ।

जयबहादुर चन्दलाई नियुक्त गर्ने प्रहरी महानिरीक्षक नियुक्त गर्ने सरकारको निर्णय पनि बदर गरेकी थिइन् । माओवादी द्वन्द्वको बेला काभ्रेको १५ वर्षीया बालिका मैना सुनारलाई बलात्कार गरी सेनाले हत्या गरेको प्रकरणमा संलग्नलाई जेल पठाएकी थिइन् ।

न्यायाधीश र प्रधानन्यायाधीश हुँदा गरेको फैसलाले चर्चित उनलाई भ्रष्टाचारविरुद्ध निर्मम न्यायमुर्तिको रूपमा चित्रण गरिएको थियो । प्रधानन्यायाधीश भएकै बेला उनले महाभियोग प्रस्ताव सामना गर्नुपरेको थियो ।

२०७५ पछि उनी सरकारको आलोचनामा उत्रिइन् । खासगरी नागरिक स्वतन्त्रता र भ्रष्टाचारविरुद्धमा उनको आवाज खरो सुनियो । जेन-जी पुस्ताका नवजवानहरूले सरकारविरुद्ध विद्रोहको तयारी गर्दा उनले भ्रष्टतन्त्रको अन्त्य गर्न विद्रोह औचित्यपूर्ण हुने बताएकी थिइन् ।

सोमबार १९ जना जेन-जीको प्रहरीले प्रहार गरेको गोली लागेर मृत्यु भएपछि मंगलबार उनी सडकमा उत्रिएकी थिइन् । देशव्यापी भएको आन्दोलनले अन्ततः घुँडा टेकेका प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार अपराह्न २ बजेतिर राजीनामा दिएर शिवपुरीस्थित नेपाली सेनाको ब्यारेकमा पुगे । यसपछि सरकारविहीनताको स्थितिमा देश गुज्रिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार नै जेन-जी पुस्तालाई वार्तामा आह्वान गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# जेन-जी समूहबाट सुशीला कार्कीको नाम प्रस्ताव

- जेन-जी समूहको आधिकारिक नेता चयन हुन नसकेपछि सेनाले बुधबार मेडिकल व्यवसायी दुर्गा प्रसाईं र धरानका मेयर हर्क सम्पाङसँग छलफल
- आज (बिहीबार) बिहान नेतृत्वकर्तासहित सम्पर्कमा आउन सेनाको माइकिङ
- राष्ट्रपतिको अगुवाइमा यही व्यवस्थाबाट समाधान खोज्न एमाले-कांग्रेसको अपिल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी समूहले आफ्नो नेताका रूपमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रस्ताव गरेको छ । बुधबार दिउँसो विभिन्न समूहमा 'डिस्कोर्ड' नामक जुमिङ एपमा छलफल गरी जेन-जी समूहले पूर्वप्रधानन्यायाधीश कार्कीलाई आफ्नो समूहको नेताको रूपमा प्रस्ताव गरेको हो ।

मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले वार्ता आह्वान गरेसँगै बुधबार दिनभरको छलफलपछि कार्कीलाई नेता पस्ताव गरेको बताइएको छ । जेन-जीले नेपाली सेनालाई कार्कीकै नाम दिएको प्रधानसेनापति अशोकराज सिग्देलले जनाएका छन् । यद्यपि, जेन-जी समूह विभिन्न भागमा बाँडिएकोले कुन आधिकारिक हो भन्ने विषयमा पुष्टि नहुँदा सेनासमेत अलमलमा देखिन्छ ।

जेन-जी समूहको आधिकारिक नेता चयन हुन नसकेपछि सेनाले बुधबार मेडिकल व्यवसायी दुर्गा प्रसाईं र धरानका मेयर हर्क सम्पाङसँग छलफल गरेको थियो । सोमबारको जेन-जी विद्रोहपछि मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएसँगै राष्ट्रपति पौडेल र प्रधानसेनापति सिग्देलले जेन-जी समूहलाई वार्तामा बोलाएको हो । जेन-जी समूह डिस्कर्डमा लामो बहस गर्दा कतिपयले पूर्वप्रधानन्यायाधीश जेन-जी पुस्ताको नभएकोले उनको नेतृत्व स्वीकार्य नहुने भन्दै विरोध गरेका थिए ।

जेन-जी अभियानकै एक अभियन्ता तनुजा पाण्डेले संविधानबाहिरबाट कसैलाई सरकारको नेतृत्व दिन नहुने अडान राखेकी छन् । 'संविधानले तोकेको बाटोबाहेकका नियुक्ति स्वीकार्य छैनन्,' पाण्डेले बुधबार साँझ फेसबुकमा लेखिकी छन् । वार्तामा नेपाली सेनाका प्रधानसेनापति सिग्देलले सहजीकरण गरिरहेका छन् ।

जेन-जीको आधिकारिक नेतृत्व पुष्टि नभएको भन्दै सेनाले बिहीबार बिहान सम्पर्कमा आउन माइकिङ गरेको छ । 'को-को हुनुहुन्छ नेतृत्वकर्ता, कतिजना हुनुहुन्छ, त्यो ग्रुपबाट फोन नम्बर र नामसहित भोलि बिहान सम्पर्क गर्नुहोला,' भद्रकालीस्थित सेनाका प्रतिनिधिले माइकिङमार्फत बुधबार साँझ भने, 'एक-एक जना ग्रुप लिडरको नामसहित लेखेर हामीलाई दिनुहोला ।'

यता पूर्वप्रधानन्यायाधीश कार्कीले आफूलाई जेन-जीले नेताको रूपमा अघि सारेमा नेतृत्व गर्न तयार रहेको बताएकी छन् । 'उनीहरूले मलाई प्रस्ताव गरे । यो मप्रतिको विश्वास हो । म छोटो समय सरकार चलाएर चुनाव गराउने छु,' कार्कीले भनेकी छन् । जेन-जी र कार्कीले भनेझैं अहिले नै उनको नेतृत्वमा सरकार गठन हुने सम्भावना भने छैन ।

क्रमशः पृष्ठ २ मा

## संवैधानिक बाटो नै रोजौंः शीर्ष दल

मंगलबार नेताहरूको घर तोडफोड र नेताहरूमाथि आक्रमणपछि तितरबितर बनेका शीर्ष दलका नेताहरूले जेन-जी आन्दोलनको बारेमा धारणा राख्न थालेका छन् । राजीनामा दिइसकेका प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नाममा एमाले नेताहरूले जारी गरेको वक्तव्यमा यो व्यवस्था जोगाउन कुनै सम्झौता नगर्ने बताएका छन् ।

'पदमा रहने या नरहने भन्ने कुरा मेरा लागि कहिल्यै ठूलो भएन । मेरो लागि सबैभन्दा महत्त्वपूर्ण त यो व्यवस्था जोगाउनु हो,' ओलीले जेन-जीलाई सम्बोधन गर्दै लेखेको वक्तव्यमा भनिएको छ, 'यो व्यवस्था, जसले तिमीहरूलाई बोल्ने, हिँड्ने, प्रश्न गर्ने अधिकार दिएको छ, यसलाई बचाउनु नै मेरो जीवनको मूल उद्देश्य हो । व्यवस्थाको विषयमा कुनै सम्झौता हुँदैन भन्ने मैले विश्वास राखेको छु ।'

कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवा जेन-जीको आक्रमणमा पनि घाइते भएका छन् । उनीहरूको स्वास्थ्य अवस्था खतरामुक्त रहेको र सैनिक अस्पताल छाउनीमा उपचार भइरहेको बताइएको छ । कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले यही संविधान जोगाउन लागिपर्ने बताएका छन् । बुधबार संयुक्त वक्तव्य जारी गर्दै दुई महामन्त्रले भनेका छन्, 'देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिन अब हाम्रो सम्पूर्ण प्रयास केन्द्रित गर्नेछौं ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीको सेन्दान इन्टरनेसनलमा कार्यरत श्रमिक आठ महिनादेखि तलबविहीन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरेबियाको निर्माण र आपूर्ति कम्पनी सेन्दान इन्टरनेसनलले सयौं आप्रवासी श्रमिकले आठ महिनादेखि तलब नदिएको खुलेको छ । मानवअधिकार वाचले बुधबार सार्वजनिक गरेको अध्ययनअनुसार नेपाल, भारत र बंगलादेशका कामदारले तलब नपाएका हुन् । उक्त कम्पनीमा सरकारी तेल कम्पनी अरामको परियोजनामा काम गर्ने कामदारहरू रहेका जनाइएको छ ।

कामदारहरू मसिक तलब नआउने, कागजातविहीन हुनुपर्ने र आफ्नै खर्चमा घर फर्कनबाहेक विकल्प नभएर पाउने सुविधाहरू छोडेर हिँड्न बाध्य भएको वाचले जनाएको छ । साउदी अरेबियामा २०३४ मा हुने फिफा विश्वकपअन्तर्गत ११ वटा नयाँ रंगशालाहरू निर्माण हुँदै छन् । विशाल परियोजनाहरू तयार हुँदै गर्दा यी दुर्व्यवहारका घटना आएका हुन् । अरामको फिफाको प्रमुख विश्वव्यापी साझेदार हो ।

मध्यपूर्वका मानवअधिकार उपनिर्देशक माइकल पेजले साउदी अरबमा आप्रवासी श्रमिकहरूका लागि

> **कामदारहरू मासिक तलब नआउने, कागजातविहीन हुनुपर्ने र आफ्नै खर्चमा घर फर्कनबाहेक विकल्प नभएर पाउने सुविधाहरू छोडेर हिँड्न बाध्य भएको छन् ।**

प्रभावकारी सुरक्षा नहुँदासम्म फिफा र अन्य कम्पनीहरूमाथि साउदीमा श्रम शोषण गरेको दाग लाग्ने चेतावनी दिएका छन् । गत जुन र अगस्टमा वाचले उक्त तीन देशका १४ आप्रवासी श्रमिकसँग कुरा गर्दा आठ महिनासम्म तलब नपाएका कारण मार्चमा काम गर्न रोकेको बताएका थिए । नेपाल र भारतका मिडियाका रिपोर्टहरूका आधारमा कम्तीमा ८५० श्रमिकले महिनौं तलब नपाएका बुझिएको वाचको ठहर छ । वास्तविक संख्या अझै बढी हुन सक्ने जनाइएको छ ।

मिडिया रिपोर्टहरूले सेन्दानले डिसेम्बर २०२४ मा काम रोकेको देखाए पनि अन्तरवार्ता गरिएका श्रमिकहरूले भने मार्च २०२५ सम्म काम जारी राखेको बताएका छन् । सेन्दानले वाचले पठाएको पत्रको पनि कुनै जवाफ नदिएको बताइएको छ ।

सेन्दानले काम रोकेको अवस्थामा श्रमिकहरूको पारिश्रमिक तथा अन्य क्षतिपूर्ति उपलब्ध गराउने जिम्मा अरामकोको हुने भए पनि अरामको यस विषयमा केही नबोलेको जनाइएको छ । वाचले साउदी अरबको मानव संसाधन र सामाजिक विकास मन्त्रालयलाई पत्र लेखेपछि मन्त्रालयले समस्याको पहिचान गरेको र कम्पनी, प्रभावित कामदार र दूतावाससँग समन्वय गरेर उनीहरूको बाँकी रकम फिर्ता गर्ने जनाइए पनि कति जनाले तलब पाए भन्ने वाचको पत्रको कुनै प्रतिक्रिया नदिइएको जनाइएको छ ।

त्यहाँको सरकारी बिमा कम्पनी अल-इत्याहदले यस्ता श्रमिकहरूलाई क्षतिपूर्ति दिँदै आएको छ । यद्यपि, प्रभावित कामदारहरूको धेरैले दाबीदर्ता नगरेको जनाइएको छ । साथै, अल-इत्याहदले पनि क्षतिपूर्तिको प्रक्रियाबारेमा सोधिएको प्रश्नमा जवाफ नदिएको वाचले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## दक्षिण कोरियामा बढ्यो रोजगारी

**सियोल–** दक्षिण कोरियामा अगस्ट महिनामा रोजगार आठौं महिनासम्म लगातार वृद्धि भएको छ । राष्ट्रिय सांख्यिकी कार्यालयको तथ्यांकअनुसार १५ वर्ष र सोभन्दा माथिका व्यक्तिहरूको रोजगारमा एक लाख ६६ हजार अर्थात् ०.६ प्रतिशतको वृद्धि भएको छ, जसको परिणामस्वरूप अगस्ट महिनामा रोजगारको कूल संख्या दुई करोड ८९ लाख ६७ हजार पुगेको छ ।

यस वृद्धिदरले जनवरी महिनादेखि नै एक स्थिर उन्नति देखाएको छ, यद्यपि अगस्ट महिनामा भएको वृद्धि जुलाई महिनामा भएको एक लाख ७१ हजारको तुलनामा थोरै कम देखिएको छ ।

रोजगारीमा भएको यो वृद्धि वृद्ध व्यक्तिहरूका कारण विशेषरूपमा भएको हो । ६० वर्ष र सोभन्दा माथिका व्यक्तिहरूका लागि रोजगारमा चार लाख एक हजारको वृद्धि भएको छ, र ३० वर्षका व्यक्तिहरूका लागि रोजगारमा ९६ हजारको वृद्धि भएको छ । तर, १५-२९ वर्षका व्यक्तिहरूको रोजगारमा दुई लाख १९ हजार को कमी आएको छ र ४० र ५० वर्षका व्यक्तिहरूका लागि रोजगार क्रमशः ७३ हजार र ३८ हजारले घटेको छ । निर्माण उद्योगमा ६१ हजार रोजगारी घटेको छ, जुन १४ महिनादेखि निरन्तर घटिरहेको प्रवृत्तिलाई दर्शाउँछ ।

क्रमशः पृष्ठ २ मा

# देशभरका कारागारबाट साढे १३ हजार कैदी फरार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेनजी आन्दोलनपछि देशभरका कारागरबाट साढे १३ हजारभन्दा बढी कैदीबन्दी फरार भएका छन् । भुटानी शरणार्थी काण्डमा जेल पुगेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्वगृहसचिव टेकनारायण पाण्डेसहित उक्त संख्यामा कैदीबन्दी भागेका हुन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डिआइजी विनोद घिमिरेका अनुसार देशभरका कारागारहरूबाट मंगलबार साँझदेखि बुधबार साँझसम्म रायमाझी र पाण्डेसहित १३ हजार ५७२ कैदीबन्दी फरार भएका हुन् । पाण्डे र रायमाझी सुन्धारा जेलमा थिए । त्यहाँबाट तीन हजार २०० भन्दा बढी कैदीबन्दी फरार भएका छन् ।

मंगलबार राति नै पाँच जनाको ज्यान जानेगरी जनकपुरमा भएको बमकाण्डका मुख्य आरोपी सञ्जय साह 'टक्ला' पनि फरार भएका छन् । उनी पूर्वराज्यमन्त्रीसमेत हुन् । उनी नख्खु कारागारमा थिए । त्यसअघि नख्खु कारागारबाटै सहकारी ठगी आरोपी रवि लामिछाने पनि निस्किएका थिए । उनी निस्किएपछि नै देशभरका विभिन्न कारागारबाट कैदीबन्दी र हिरासतमा राखिएका थुनुवाहरू फरार भएका हुन् ।

कुख्यात अपहरणकारी भारतीय नागरिक उदय सेट्टी पनि फरार भएका छन् । उनी रसुवा कारागारमा थिए । उनीसहित ९८ जना कैदीबन्दी तोडफोड गर्दै फरार भएको जेलर कैलाश देवकोटाले बताएका छन् । देशका विभिन्न प्रहरी हिरासतमा रहेका ५६० जना थुनुवा पनि फरार भएका छन् । उनीहरू विभिन्न मुद्दामा अनुसन्धानका लागि हिरासतमा थिए ।

## जलाइएका घरहरूमा भेटिए चार शव

जेन-जी आन्दोलनका क्रममा जलाइएका घरहरूमा तीनवटा शव फेला परेको छ । मंगलबार बिहानदेखि दिउँसोसम्म काठमाडौं, पोखरा र विराटनगरमा जलाइएका घरमा पहिचान गर्नै मुस्किल हुनेगरी शव फेला परेको हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालकी छोरी गंगा दाहालको घरमा २५ वर्षीय सुरज खत्री मृत अवस्थामा फेला परेको प्रहरीले पुष्टि गरेको छ । जिल्ला प्रहरीपरिसर ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) श्यामकृष्ण अधिकारीका अनुसार मृत भेटिएका खत्री ललितपुरकै सुनाकोठीका हुन् । उनको शव अहिले पोस्टमार्टमका लागि पाटन अस्पतालमा राखिएको छ । जेनजी आन्दोलनका क्रममा मंगलबार दाहालको घरमा आगजनी भएको थियो ।

क्रमशः पृष्ठ २ मा

## भाग्न खोज्दा झडप, पाँचको मृत्यु, ठाउँठाउँमा चल्यो गोली

बाँकेको नौबस्तास्थित बाल सुधारगृहका कैदीबन्दी र प्रहरीबीच भएको झडपमा पाँच जनाको मृत्यु भएको छ ।

क्रमशः पृष्ठ २ मा

# सार्वजनिक सम्पत्तिको विनाश...













१) काठमाडौंमा मंगलबार भएको जेन-जी आन्दोलनका क्रममा आगजनीबाट क्षति भएको गृह मन्त्रालय ।

२) आगजनीबाट क्षतिग्रस्त नयाँबानेश्वरस्थित संघीय संसद् भवन ।

३) सर्वोच्च अदालतमा लागेको आगो बुधबार निभाउँदै बारुणयन्त्रका कर्मचारी ।

४) मंगलबार भएको तोडफोड र आगजनीबाट जलेर नष्ट हुन बाँकी रहेका सर्वोच्च अदालतभित्रका कागजपत्र र फाइलहरू बुधबार संकलन गरिँदै । *तस्विरहरू: नवीन पौडेल/रासस*

पृष्ठ १ बाट क्रमश:

## जेन-जी समूहबाट...

अहिले सरकार विघटन नभइसकेको र ओलीकै नेतृत्वमा अन्तरिम सरकार भएकोले संसद् बाहिरको कोही व्यक्ति सरकार प्रमुख हुन सक्दैनन् । यस्तो अवस्थामा यही संविधानअनुसार गएमा राष्ट्रपतिले बहुमत जुटाउन सक्ने दलको नेतालाई सरकार बनाउन आह्वान गर्ने छन् । संविधानको धारा ७६ अनुसार नयाँ मन्त्रिपरिषद्को गठन हुने व्यवस्था रहेको छ ।

■■■

## संवैधानिक बाटो...

परिवर्तनले सदैव अग्रगमनलाई बोक्नुपर्छ भन्ने मान्यतामा हामी दृढ ढंगले प्रस्ट छौं ।'

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले लोकतन्त्रको विकल्प नभएको उल्लेख गर्दै राष्ट्रपति पौडेलको अगुवाइमा कांग्रेसको सक्रिय पहल आवश्यक हुने बताएका छन् । ' कानुनी शासनको विकल्प छैन, लोकतन्त्रको विकल्प छैन । यस जटिल अवस्थामा पार्टीका सम्पूर्ण साथीहरू एकजुट भई आत्मविश्वास र भरोसा जगाउनु अपरिहार्य छ,' प्रवक्ता महतले विज्ञप्तिमार्फत भनेका छन्, 'त्यसैले शान्ति, सुरक्षा, संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियाको संस्थागत पुनर्स्थापनाका लागि राष्ट्रपति ज्युको अगुवाइमा हुने संवाद र पहलमा नेपाली कांग्रेसले सक्रिय पहल गर्न आवश्यक छ ।' महतले संवादको नेतृत्व कांग्रेसले थाल्नुपर्ने बताएका छन् ।

■■■

## आगामी नेतृत्वको...

देशमा सुरक्षाको जिम्मा लिएको नेपाली सेनाका प्रधानसेनापति अशोक सिग्देलले आन्दोलनकारी शक्ति जेन-जीसँग वार्ता थालेको छ । त्यसअघि जेन-जीहरूले ' भर्चुअल' बैठक बस्दा सुशीलाको नाम अन्तरिम सरकारको प्रधानमन्त्रीको नाम आएको हो । उनको नाममा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको समर्थन छ ।

कार्कीसँगै अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङबारे पनि जेन-जी समूहमा छलफल भएको छ । घिसिङ उज्यालो नेपाल अभियानका संयोजक हुन् । उनी ' उज्यालो नायक'का रूपमा चर्चित छन् । उनलाई नेपालमा १८ घण्टा लामो लोडसेडिङ अन्त्यको श्रेय जाने गरेको छ ।

लोडसेडिङका बेला डेडिकेटेड र ट्रंकलाइनबाट विद्युत् प्रयोग गरेका उद्योगीहरूले तिर्न बाँकी महसुल उठाउन जोड्बल गर्दा कुलमानलाई ओली सरकारले बर्खास्त गरेको थियो । अहिले पनि उनको पक्षमा ठूलो जनसमर्थन छ । यतिबेला देश सत्ता शून्यताको स्थितिमा छँदा उनको नाम पनि अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा छलफलमा आएको हो ।

कार्की र घिसिङपछि सागर ढकालको नाम पनि प्रधानमन्त्रीको रूपमा छलफलमा आएको छ । ढकाल गत आम चुनावमा कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासँग प्रतिस्पर्धी थिए । बीबीसी नेपाली सेवाको चर्चित कार्यक्रम साझा सवालमा देउवालाई प्रश्न गरेर उनी चर्चामा आएका युवा हुन् । तर, देउवासँग चुनाव लडेपछि लामो समय उनी राजनीतिमा झण्डै तीन वर्ष निष्क्रिय रहे । पछिल्ला दिनमा जेन-जी विद्रोह सडकमा प्रकट हुँदा विद्रोहलाई समर्थन गरेका थिए । उनै ढकालको नामबारे पनि प्रधानमन्त्रीका रूपमा छलफल भएको हो ।

■■■

## देशभरका कारागारबाट...

फरार हुन खोजेका कैदीबन्दीलाई प्रहरीले रोक्न खोज्दा झडप भएको थियो । त्यस क्रममा प्रहरीले गोली चलाउँदा पाँच जना कैदीबन्दीको मृत्यु भएको हो । अन्य दुई जना कैदीबन्दी घाइते भएका छन् ।

मृत्यु हुनेमा दैलेखका भूपेन्द्र खत्री, बाँकेका समीर थापा, अछामका उमेश विष्ट, कैलालीका जगत देउवा र दाङका दिनेश घर्तीमगर छन् । घाइते दुवैको उपचार बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । केही कैदीबन्दी भने फरार भएका छन् ।

काठमाडौंको डिल्लीबजार कारागारका कैदीबन्दी पनि फरार हुन खोजेका थिए । उनीहरूलाई नेपाली सेनाले नियन्त्रणमा लिएको छ । केही कैदीबन्दी फरार भएर आसपासमा घरमा पुगेका थिए । जिल्ला कारागार कास्कीबाट फरार भएका एक जना कैदीलाई स्थानीयले पक्राउ गरेर प्रहरीलाई बुझाएका छन् ।

### लुटिएका हतियार बरामद

नेपाली सेनाले महाराजगञ्ज इलाकाबाट लुटपाट गर्ने चार जना व्यक्तिसहित सात नाल हतियार र उक्त हतियारका म्यागजिन, राउण्ड, ब्युनेटलगायत एसेसरिज तथा व्यक्तिगत सामग्रीहरू बरामद गरेको छ । साथै, विशेष सूचनाका आधारमा बालाजु माछापोखरी इलाकाबाट थप १ (एक) नाल हतियार बरामद गरिएको सेनाले विज्ञप्तिमार्फत जानकारी दिएको छ । हालसम्म ७३ नाल हतियार बरामद भएको छ ।

यसैगरी, काभ्रेस्थित धुलिखेल जिल्ला कारागारमा कैदीबन्दीको नेपाल प्रहरीसँग झडप भएकामा हाल स्थिति नियन्त्रणमा आएको छ । त्यसैगरी, डिल्लीबजार कारागारमा लागेको आगो नेपाली सेना तथा अन्य निकायको प्रयासमा नियन्त्रणमा आएको सेनाले जानकारी दिएको छ । सुरक्षा फौजले विभिन्न जिल्लामा कारागारबाट फरार कैदीबन्दीमध्ये सप्तरीमा चार, सुनसरीमा २०२, रुकुम (पश्चिम)मा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा चार जनालाई पक्राउ गरेको छ ।

■■■

## जलाइएको...

पोखरा नयाँबजारस्थित नेपाल अटोमोबाइल एसोसिएसनका केन्द्रीय अध्यक्ष ध्रुव थापाको जलेको घरमा एक महिलाको शव फेला परेको छ । ध्रुवका दाजुसमेत रहेक गण्डकीका मन्त्री विन्दुकुमारको घर र व्यापारिक प्रतिष्ठानमा आगजनी गर्दा त्यहाँ पनि एक महिलाको शव फेला परेको छ ।

प्रहरीका अनुसार ध्रुवको घरमा जलेको अवस्थामा मृत फेला परेकी सोही घरकी महिला कामदार रहेको खुलेको छ । विन्दुको घरमा मृत फेला परेका को हुन् ? पहिचान खुल्न बाँकी रहेको कास्की प्रहरीले जानकारी दिएको छ ।

■■■

## साउदीको सेन्दान...

वाचले कामदारहरूसँग गरिएको कुराकानीअनुसार कम्पनीले दिएको खाना खानै नसकिने र अपर्याप्त थियो । एक नेपाली कामदारले भात र दालमात्र दिने गरेको बताएका छन् । उनले आफूहरूसँग दाँत माझ्ने मञ्जन र नुहाउन स्याम्पुसमेत नभएको वाचसँग बताएका छन् ।

कामदारहरूले स्वदेशमा आफ्ना परिवारले जाँदा लागेको ऋण तिर्न संघर्ष गरिरहेको पीडा पोखेका छन् । कुराकानीका क्रममा भारतीय श्रमिकले आफूलाई घरबाट पैसा पठाइरहेको बताएका थिए । केही श्रमिकहरूले आफू समातिने त्रास हुँदाहुँदै पनि विरोध जनाउँदै सामाजिक मिडियामार्फत बोलेको रिपोर्टमा भनिएको छ । विरोध नगरेका श्रमिकहरू जोखिम मोल्दै अनुमतिविनै अर्को कम्पनीका काम गर्न गएका छन् । यदि उनीहरू पक्राउ परे फर्काइने डर हुन्छ ।

वाचले आप्रवासी श्रमिकहरूको ज्याला ठगी साउदीको प्रमुख समस्याको रूपमा रहेको जनाएको छ । पीडितहरूले प्राय: कानुनअनुसारको पाउनपर्ने ज्याला नतिर्ने गरेको ररकम प्राप्त गर्न पनि लामो समय लाग्ने गरेको जनाएको छ ।

साउदी अरबले अक्टोबर २०२४ मा व्यक्तिगत प्रतिष्ठानका आप्रवासी कामदारहरूका लागि तलब बिमा सेवाको सुरुआत गरे पनि यो प्रभावहीन भएको वाचको ठहर छ । यसमा कामदारहरूले कम्तीमा छ महिना तलब नपाएको खण्डमा र ८० प्रतिशत कामदार पनि त्यस्तै समस्यामा भएको अवस्थामामात्रै दावी पेस गर्न सक्छन् । अधिकांश ज्याला ठगीका घटनालाई यो प्रावधनले सम्बोधन नगर्ने जनाइएको छ ।

गत अगस्टमा ११ श्रमिकमध्ये आठ जनाले स्वदेश फर्काइने डरले बिमा सेवाका लागि आवेदन दिएका थिएनन् । दाबी पेस गर्ने तीन जना श्रमिकले अझै प्रतिक्रिया पर्खिरहेको जनाइएको छ । विरोध गर्न सहास गर्नेहरूको अवस्था त यस्तो छ भने विरोध गर्ने आँट नगर्नेहरूले यो भन्दा खराब दुर्व्यवहारको सामना गरिरहेको उपनिर्देशक पेजले बताएका छन् ।

■■■

## दक्षिण कोरियामा...

अगस्ट महिनामा बेरोजगार व्यक्तिहरूको संख्या पाँच लाख ९२ हजार पुगेको छ, जुन गत वर्षको तुलनामा २८ हजार बढी हो । बेरोजगारी दर ०.१ प्रतिशतले बढेर २.० प्रतिशत पुगेको छ ।

विस्तारित बेरोजगारी दर ०.१ प्रतिशतले घटेर ८.२ प्रतिशत पुगेको छ, जबकि १५-२९ वर्षका व्यक्तिहरूको बेरोजगारीदर ०.६ प्रतिशतले बढेर १५.३ प्रतिशत पुगेको छ । आधिकारिक बेरोजगारी दरले केवल ती व्यक्तिहरूलाई जनाउँछ जसले गत चार हप्तामा सक्रियरूपमा रोजगारको प्रयास गरेका छन्, तर काम प्राप्त गर्न सकेका छैनन् । *रासस/सिन्ह्वा*

तोडफोड र आगजनीपछि सिंहदरबार

# अधिकांश मन्त्रालयका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति

**काठमाडौं (प्रस)**– भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालको निर्वाध सञ्चालन र युवा नेतृत्वका लागि जेन-जी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा मुलुकले ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ । नयाँ बानेश्वरस्थित निषेधित क्षेत्र तोड्ने क्रममा सोमबार भएको झडपमा ठूलो मानवीय क्षति भएसँगै मंगलबार प्रदर्शनले उग्ररूप लिएको थियो ।



त्यसक्रममा देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित देशभरका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति भएको छ । गोरखा भूकम्पपछि भर्खरै पुनर्निर्माण सम्पन्न भएको सिंहदरबारस्थित पुरातात्त्विक महत्त्वको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकांश भाग जलेर नष्ट भएका छन् ।

बुधबार पनि सिंहदरबारभित्रका अधिकांश मन्त्रालयका भवनबाट धुँवा आइरहेको थियो । गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बढी प्रभावित भएको देखिन्छ । यस्तै सिंहदरबारस्थित नेपाली कांग्रेस र नेकपा एमाले संसदीय दलको कार्यालय पूर्णरूपमा क्षति भएको छ ।

सिंहदरबाभित्र पार्किङ गरिएका करिब एक हजार सवारीसाधनमा आगजनी र तोडफोड भएको छ । आन्दोलनकारीले मन्त्रालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, कुर्सीलगायत महत्त्वपूर्ण सामग्री तोडफोड र लुटपाटसमेत भएको सम्बन्धित मन्त्रालयका कर्मचारीले जनाएका छन् । यसबाट राज्यलाई अर्बौंको क्षति भएको अनुमान गर्न सकिन्छ ।

प्रदर्शनकारीले राष्ट्रिय अनुसन्धान विभाग, केन्द्रीय क्यान्टिन, दूग्ध विकास संस्थानको बिक्री केन्द्रमा पनि लुटपाट, तोडफोड र आगजनी गरेका छन् । आन्दोलनकारीबाट भएको आजगनीबाट मन्त्रालयमा रहेका राज्य सञ्चालनसम्बन्धी महत्त्वपूर्ण कागजात छरपस्ट भएको देखिन्छ ।

प्रदर्शनकारीको आक्रमणको निशानामा परेको प्रमुख प्रशासकीय केन्द्र आज सुनसान प्राय: रह्यो । सिंहदरबार परिसर बाहिर रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय पनि आगजनीबाट पूर्णरूपमा ध्वस्त भएको छ । त्यहाँ आगजनीबाट कार्यालय भवन, आवास, अत्यावश्यक रासन, करिब ४०० भन्दा बढी सवारीसाधन र करिब दुई लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र जलेर पूर्णरूपमा नष्ट भएको कार्यालयले जनाएको छ । आगजनीबाट मेट्रो ट्राफिक एफएम स्टेसन र भवनमा पनि ठूलो क्षति पुगेको देखिन्छ ।

यसैगरी मुलुकको न्याय प्रशासनको प्रमुख केन्द्र 'सर्वोच्च अदालत' पनि आगजनीबाट क्षति भएको छ । आगलागीबाट त्यहाँ रहेका महत्त्वपूर्ण अभिलेख, फैसला, मिसिल र कागजातलगायत उपकरण र भौतिक संरचना नष्ट भएको अदालत प्रशासनले जनाएको छ । आगजनी नियन्त्रण र क्षति भएका भौतिक संरचनाको व्यवस्थापन तथा सरसफाइको काम सुरु भएको छ ।


कतारमा रोजगार

कम्पनी : AL MANA VENTURES WLL

पूर्व स्वीकृति मिति : २०८२/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२५ | LT. No. 323510 | चलानी नं. ६०२३७४२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cleaner General | 2 | 0 | 1000 | ३८,९५० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 4 | 1400 | ५४,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २ गते (18th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

Seagull International Global H.R. Consultants Pvt. Ltd.

Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np




**अमेरिकी आप्रवासन र भन्सार प्रवर्तन र नेसनल गार्ड सेनाको योजनाबद्ध तैनाथीको विरुद्ध शिकागोस्थित इलिनोइसमा प्रदर्शनमा उत्रिएका मानिसहरू ।** *तस्बिरः रासस*

# जलवायु परिवर्तनको चुनौतीमा अफ्रिका एकजुट, साझा भविष्यका लागि समाधान खोज्ने प्रस्ताव




**एडिस अबाबा–** अफ्रिकी नेताहरूले सोमबार अफ्रिकाको भूमिकालाई पुनः परिभाषित गर्दै, यसलाई विश्वव्यापी जलवायु क्रियावलीमा एक महत्त्वपूर्ण र सकारात्मक योगदान पुर्‍याउने कन्दीलको रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

यो महत्त्वपूर्ण आह्वान अफ्रिकी नेताहरूले दोस्रो अफ्रिका जलवायु सम्मेलनको क्रममा गरेका थिए, जुन एथियोपियाको राजधानी एडिस अबाबामा सोमबारदेखि बुधबारसम्म आयोजित भएको थियो । सम्मेलनको विषय 'वैश्विक जलवायु समाधानलाई तीव्रता दिनुः अफ्रिकाको लचिलो र हरित विकासका लागि वित्तपोषण' रहेको थियो ।

सम्मेलनमा अफ्रिकी नेताहरूले नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन, हरित वृद्धि र प्रकृति-आधारित लचिलोपनजस्ता क्षेत्रहरूमा अफ्रिका-प्रेरित समाधानहरूको अपार सम्भावनालाई प्रस्तुत गर्दै महादेशको भविष्यलाई सुरक्षित र हरित बनाउनका लागि साझा प्रयासको आवश्यक्ता जोड दिए ।

एथियोपियाका प्रधानमन्त्री, अबी अहमदले सम्मेलनमा अफ्रिकी नेताहरूसँग अफ्रिकी जलवायु नवप्रवर्तन कम्प्याक्ट सुरु गर्ने प्रस्ताव राखे । यो एक महाद्वीपीय साझेदारी हुने छ जसमा अनुसन्धान संस्थाहरू, नेतृत्व, स्टार्टअप, ग्रामीण समुदायहरू र नवप्रवर्तकहरूलाई एकजुट गर्न मद्दत पुर्‍याउने छ । उनले भने, 'सही साझेदारी र लगानीका साथ, अफ्रिका विश्वव्यापी जलवायु संकटको समाधानमा नेतृत्व गर्न सक्छ ।'

उनले थपे, 'अफ्रिका यो संकटको कारण बनेको छैन, तर अफ्रिका यसलाई समाधान गर्न नेतृत्व गर्न सक्छ । हामीसँग माटोको पुनर्थापना, कार्बन समात्ने र हरित र सफा ऊर्जा उत्पादनका लागि समाधानहरू छन् । हामीलाई थाहा छ के गर्नुपर्छ ।'

उनले एथियोपियाको आफ्नै जलवायु क्रियावलीका सफल उदाहरण प्रस्तुत गर्दै, २०१९ मा सुरू गरिएको ग्रीन लेगेसी पहलअन्तर्गत ४८ अर्ब बिरुवा रोपिएको र महत्त्वपूर्ण हरित पूर्वाधार विकास योजनाहरूको सफलता र भविष्यको मार्गनिर्देशन गरे ।

प्रधानमन्त्री अबीले प्रस्ताव गरेको जलवायु नवप्रवर्तन कम्प्याक्टमा पाँच मुख्य स्तम्भहरू समावेश छन्ः नवप्रवर्तन खोज, वित्तपोषण, ज्ञान विकास, नीति निर्माण र सार्वजनिक सहभागिता । यस कम्प्याक्टको उद्देश्य २०३० सम्म एक हजार अफ्रिकी जलवायु समाधानहरूको कार्यान्वयन गर्नु हो, जसले अफ्रिकी नेतृत्व, वैश्विक साझेदारी र निजी क्षेत्रको लगानीलाई सँगै ल्याउने अपेक्षा गरिएको छ ।

केन्याका राष्ट्रपति, विलियम रुटोले अन्तर ाष्ट्रिय जलवायु क्रियावलीका प्रतिबद्धताहरू घट्दै गएको र अफ्रिकालाई 'विश्व अर्थतन्त्रमा यसको उचित स्थान' प्राप्त गर्नका लागि तात्कालिक कदम चाल्नुपर्ने महत्त्वपूर्ण आवश्यकता औंल्याए । उनले भने, 'आज जलवायु क्रियावलीलाई अन्य प्राथमिकताहरूको कारण पृष्ठभूमिमा राखिएको छ र विकास सहायतामा कमी आएको छ । यसै कारण, अफ्रिकाले अब एकजुट भएर देखाउनुपर्ने छ कि सहकार्यले सबैका लागि समृद्धि र शान्ति ल्याउँछ ।'

राष्ट्रपति रुटोले थपे, 'अफ्रिकाले सकारात्मक वृद्धि हासिल गर्नका लागि दुवै कदमहरू अवलम्बन गर्नु आवश्यक छ । अफ्रिकाले आफ्नो एजेन्सी तत्काल र एकजुट रूपमा प्रयोग गर्नुपर्छ, र अन्तर्राष्ट्रिय प्रणालीले अफ्रिकालाई रोक्ने संरचनात्मक अवरोधहरू हटाउनुपर्छ ।'

सम्मेलनमा अफ्रिकी नेताहरूले वैश्विक वित्तीय संरचनामा सुधारको आह्वान गरेका थिए र अफ्रिकाको लचिलो र हरित विकासलाई तीव्रता दिनका लागि अनुदान-आधारित वित्तीय प्रवाह र लगानी प्रतिबद्धताहरूको आवश्यकता व्यक्त गरे ।

अफ्रिकी संघ आयोगका अध्यक्ष, महमूद अली युसुफले भने, 'हामीलाई हाम्रो महादेशको अनुकूलन योजनाहरूको कार्यान्वयनका लागि वास्तविक र अर्थपूर्ण सहकार्यको आवश्यकता छ, जसमा वित्तीय स्रोतहरू, प्रौद्योगिकी र विशेषज्ञता प्रदान गर्न आवश्यक छ ।'

उनले 'न्यायपूर्ण, महत्त्वपूर्ण र पूर्वानुमान योग्य' वैश्विक जलवायु वित्तको आवश्यकता औंल्याए र भने कि अफ्रिका जलवायु परिवर्तनका कारण अत्यधिक प्रभावित भइरहेको र ऋण बोझ र अन्तर्राष्ट्रिय वित्तीय संरचनाका असमानताहरूलाई जलवायु न्यायमार्फत सुधार गर्न आवश्यक छ ।

यो सम्मेलन, जसको सहआयोजना अफ्रिका संघ र एथियोपिया सरकारको सहयोगमा भएको हो, अफ्रिका महादेशका प्रमुख जलवायुसम्बन्धी वार्ता र रणनीतिक छलफलहरूको प्रमुख मञ्च बनेको छ । यस सम्मेलनमा अफ्रिकी राष्ट्रपति, मन्त्री, कूटनीतिज्ञ, विशेषज्ञ र अन्तर्राष्ट्रिय साझेदारहरूको प्रमुख प्रतिनिधिहरू एकत्रित भएका थिए, जसले महादेशको साझा जलवायु भविष्यको दिशानिर्देश तय गर्न महत्त्वपूर्ण योगदान पुर्‍याए । *रासस/सिन्ह्वा*

## चीन-रुस-मंगोलियाको पहिलो संयुक्त सीमा रक्षा अभ्यास सम्पन्न

**बेइजिङ–** चीन, रुस र मंगोलियाले सोमबार र मंगलबार तीन देश भेटिने सीमाक्षेत्रमा आफ्नो पहिलो संयुक्त सीमा रक्षा अभ्यास सम्पन्न गरेका छन् ।

पिपुल्स लिबरेसन आर्मी डेलीका अनुसार 'सीमा रक्षा सहयोग २०२५' नाम दिइएको यो अभ्यास सीमा क्षेत्रमा सम्भावित आतंकवादी र तोडफोड गतिविधिविरुद्धको समन्वय सुदृढ गर्न केन्द्रित थियो । प्रत्यक्ष अभ्यासले रणनीतिक विश्वास गहिरो पार्दै सीमा सुरक्षा खतराहरूलाई सामूहिकरूपमा सामना गर्ने क्षमता बढाउने लक्ष्य लिएको थियो ।

अभ्यासका क्रममा तीनै देशका सेनाले चीनमा संयुक्त कमाण्ड पोस्ट स्थापना गरी संयुक्त योजना, जासुसी र आक्रमण अभ्यास, तथा सीमा रक्षा सहयोगको नयाँ मोडेल परीक्षणजस्ता गतिविधि सम्पन्न गरेका थिए । अभ्यासपछि सहभागी सेनाहरूले सीमा व्यवस्थापन र नियन्त्रणका अनुभव र विचारहरू आदानप्रदान गरेका थिए । *रासस/सिन्ह्वा*

# राष्ट्रपति ट्रम्पद्वारा मोदीको 'भारत-अमेरिका घनिष्ठ मित्र' सन्देश ट्रुथ सोसलमा पुनः पोस्ट



**वासिङ्टन–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र अमेरिकाबीचको 'प्राकृतिक साझेदारी'लाई जोड दिएलगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार (स्थानीय समय) आफ्नो सामाजिक मिडिया प्लेटफर्म ट्रुथ सोसलमा मोदीको सन्देश पुनः पोस्ट गरेका छन् ।

हालै अमेरिकाले भारतीय सामानमा ५० प्रतिशत कर लगाएका कारण बढेको आर्थिक अनिश्चितताबीच दुवै मुलुकले व्यापार अवरोध समाधानका लागि वार्ता गरिरहेको ट्रम्पले बताएका छन् । यसअघि, ट्रम्पको पोस्टको जवाफमा प्रधानमन्त्री मोदीले एक्समा लेखेका थिए, 'यी वार्ताले भारत-अमेरिका साझेदारीको असीम सम्भावना अनलक गर्ने छ ।'

मोदीले भनेका छन्, 'भारत र अमेरिका घनिष्ठ मित्र र स्वाभाविक साझेदार हुन् । हाम्रो व्यापार वार्ताले असीम सम्भावना खोल्ने छ । हाम्रा टोलीहरूले छलफल चाँडै टुंग्याउन काम गरिरहेका छन् । म राष्ट्रपति ट्रम्पसँग कुरा गर्न उत्सुक छु । हामी दुवै देशका जनताका लागि उज्यालो भविष्य बनाउन सँगै काम गर्नेछौं ।'

ट्रम्पले पनि ट्रुथ सोसलमा आफ्नो पोस्टमा भनेका थिए, 'भारत र अमेरिकाले व्यापार अवरोध सम्बोधनका लागि वार्ता जारी राखेका छन् । म आगामी हप्ताहरूमा मेरो असल मित्र, प्रधानमन्त्री मोदीसँग कुरा गर्न उत्सुक छु । हामी दुवै महान देशहरूका लागि सफल निष्कर्षमा पुग्न कठिनाइ हुने छैन ।'

यो टिप्पणी उनले केही दिनअघि भारत-अमेरिका सम्बन्धलाई 'धेरै विशेष' भन्दै मोदीलाई आफ्नो स्थायी मित्र भएको र 'चिन्ता गर्ने कुनै कुरा छैन' भनेको कुरालाई थप पुष्टि गरेको हो । गत शुक्रबार (स्थानीय समय) ह्वाइट हाउसमा पत्रकार सम्मेलनमा एएनआईको प्रश्नको जवाफमा ट्रम्पले भनेका थिए, 'म सधैं मोदीको साथी हुने छु । उन महान् प्रधानमन्त्री हुनुहुन्छ । अहिलेका केही कदमहरू मलाई मन परेको छैन, तर भारत-अमेरिका सम्बन्ध विशेष छ । चिन्ता गर्ने कुरा छैन, केवल कहिलेकाहीं यस्तो क्षण आउँछ ।'दुवै नेताको सकारात्मक अभिव्यक्तिले सेयर बजारमा पनि उत्साह देखिएको छ । भारतीय बजारले सामाजिक सञ्जालमा आदानप्रदान भएका आशावादी सन्देशहरूको समर्थनमा वृद्धि कायम राखेको छ । *रासस/एएनआई*

# कतारमा हमास नेतामाथि इजरायली आक्रमण, युद्धविराम वार्ता संकटमा




**दोहा–** इजरायलले मंगलबार कतारमा हमासको राजनीतिक मुख्यालयमाथि हवाई आक्रमण गरेको छ । मुख्यालयमा शीर्ष नेताहरू गाजा युद्धविरामबारे अमेरिकी प्रस्ताव छलफल गर्न भेला भएका थिए । यो आक्रमणले कतारलाई आक्रोशित तुल्याएको छ र वार्तालाई लिकबाट हटाउने खतरा पैदा गरेको छ ।

कतारले यसलाई 'अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लंघन' भन्दै विरोध गरेको छ । साउदी अरब र संयुक्त अरब इमिरेट्सले पनि कतारलाई समर्थन जनाएका छन् । आक्रमणमा हमासका केही सदस्य र गार्डहरू मारिएका छन् भने शीर्ष नेताहरू जीवित छन् भन्ने दाबी गरिएको छ । तर तत्काल प्रमाण प्रस्तुत गरिएको छैन ।

अमेरिकाले इजरायलले आक्रमण गर्नुअघि जानकारी गराएको भने पनि आफू टाढै रहेको बताएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई 'दुर्भाग्यपूर्ण घटना' भने । तर कतारी प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले नेतान्याहूलाई 'क्षेत्रलाई अपूरणीय संकटतर्फ तानेको' भन्दै आलोचना गरे ।

कतारले मध्यस्थता जारी राख्ने संकेत दिएको छ तर हालको वार्ता 'वैध छैन' भनेको छ । आक्रमणमा कतारी आन्तरिक सुरक्षाकर्मीकोसमेत मृत्यु भएको छ । हमासले यो कदमले इजरायल वार्ता चाहँदैन भन्ने देखाएको दाबी गर्दै अमेरिकालाई पनि दोष दिएको छ । इजिप्टले पनि कतारको सार्वभौमसत्तामाथि प्रत्यक्ष आक्रमण भएको भन्दै निन्दा गरेको छ ।

यसैबीच, बन्धक परिवारहरूको समूहले 'फिर्तीको सम्भावना झन् अनिश्चित' भएको भन्दै चिन्ता व्यक्त गरेको छ । प्रस्तावअनुसार युद्धविरामपछि इजरायली सेना फिर्ता हुने व्यवस्था थियो तर इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले पूर्णबन्धक मुक्तिसम्म युद्ध जारी रहने बताएका छन् ।

आक्रमणपछि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले आपत्कालीन बैठक बोलाएको छ । साउदी क्राउन प्रिन्स र संयुक्त अरब इमिरेट्स (युएई) कतारसँग ऐक्यबद्धता जनाउँदै यसलाई 'आपराधिक कार्य' भनेका छन् । गाजा युद्धले इजरायललाई अन्तर्राष्ट्रियरूपमा झन् अलग बनाइरहेको बेला यस कदमले क्षेत्रीय तनाव थप चर्काएको छ । *रासस/एपी*

# अमेरिकासँगको व्यापार वार्तामा घुँडा नटेक्ने दक्षिण अफ्रिकी राष्ट्रपति रामाफोसाको भनाइ

**केप टाउन–** दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले आफ्नो सरकारले निष्पक्ष व्यापार र लगानी सम्झौता सुनिश्चित गर्न अमेरिकासँग सक्रियताका साथ काम गरिरहेको बताएका छन् । मंगलबार दिउँसो संसद्मा प्रश्नको जवाफ दिँदै रामाफोसाले सांसदहरूलाई भने, 'दक्षिण अफ्रिकी सरकारका प्रतिनिधिहरू अहिले थप औपचारिक वार्ताका लागि संयुक्त राज्य अमेरिकामा छन् ।'

'हाम्रा नागरिक सरकारको दृष्टिकोणबाट पूर्णरूपमा उत्साहित छन्,' उनले भने, 'व्यापार, उद्योग र अन्तर्राष्ट्रिय सम्बन्ध मामिला मन्त्रीहरू छलफललाई अगाडि बढाउन उनीहरूसँग सामेल हुने छन् ।'

'उनीहरूले प्रशासनका प्रतिनिधिहरू, विधायकहरू, व्यापारिक व्यक्तिहरू र अन्यसहित धेरै सरोकारवालाहरूसँग भेट गरिरहेका छन्,' उनले थपे । राष्ट्रपति ट्रम्पले अमेरिकासँग निरन्तर वार्तामा संलग्नताको उद्देश्य पारस्परिक लाभको व्यापार र लगानी सम्झौता सुरक्षित गर्नु रहेको उल्लेख गर्दै सरकारले निर्यातकर्ता, आयातकर्ता, ट्रेड युनियन र निजी क्षेत्रसँग परामर्श गरेर वार्ताको मार्ग रोजेको उल्लेख गरे ।

'हाम्रो विकल्पले हामी के प्राप्त गर्न चाहन्छौं भनेर सूचित गर्दछ । हाम्रो उद्देश्य सकेसम्म संयुक्त राज्य अमेरिकामा निर्यात जारी राख्नु हो, र कम्पनीहरूलाई पनि संयुक्त राज्य अमेरिकामा लगानी गर्न सक्षम पार्नु हो, हामीले अमेरिकी कम्पनीहरूलाई पनि देशमा लगानी गर्न लगाउने पहल जारी राख्नेछौं ।' रामाफोसाले भने ।

'दक्षिण अफ्रिकाले देशको खनिज सम्पत्ति र प्रशोधन क्षमतालाई औंल्याउँदै महत्त्वपूर्ण लाभका लागि वार्तामा प्रवेश गरेको छ,' उनले भने, 'हामी अहिले संयुक्त राज्य अमेरिकासँग जुन छलफल गरिरहेका छौं, त्यो पनि दक्षिण अफ्रिकासँग भएका महत्त्वपूर्ण खनिजहरू र ती खनिजहरूलाई प्रशोधन गर्ने हामीसँग भएको क्षमताको वरिपरि रहेको छ ।'

रामाफोसाले भने, 'अमेरिकी प्रशासन कहिलेकाँही 'अप्रत्यासित' र 'प्रतिशोधात्मक' हुन सक्छ, तर वार्ताको माध्ययमले सकारात्मक परिणाम दिने छ ।'

रामाफोसाले भने, 'यो एक रणनीति हो जुन हामीले रोजेका छौं, वार्तामा संलग्नताको रणनीतिले हामीलाई लाभ हुने विश्वास छ र यसले परिणाम दिने छ । कहिलेकाहीँ अमेरिकी प्रशासन अप्रत्यासित हुन्छ र प्रतिशोध लिन्छ तर हामी उसँग याचना नगरी, घुँडा नटेकी व्यापार वार्तालाई सफल बनाउनेछौं ।'

उनले आफ्नो भनाइलाई जोडे, 'हामीले भनेका छौं । हामी दादागिरी गर्दैनौं । हामी सार्वभौम देशको रूपमा उभिनेछौं र वार्ता गर्नेछौं र दक्षिण अफ्रिकाको लागि उत्तम सम्झौता प्राप्त गर्ने छौं ।' *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २१४७०० | प्रति तोला – ० | प्रति तोला – २५०५ |



**सुन्दर पोखरा** | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र परिसरमा ढकमक्क फुलेको काँस । जेनजीहरूको आन्दोलनका कारण नेपालको हवाई उडान बन्द हुँदा पर्यटकहरूलाई असर परेको छ ।
*तस्बिर: राधिका कँडेल/रासस*

## पर्यटकलाई सहजीकरण गर्दै पर्यटन बोर्ड

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकको आवागमन तथा व्यवस्थापनमा सहजीकरण गरिएको जनाएको छ । विषम परिस्थितिका कारण पर्यटकलाई गन्तव्यमा पुग्न अहसज भएको अवस्थामा बोर्डले सटल बसको व्यवस्था गरी आवतजावतमा सहजीकरण गरिरहेको उल्लेख गरेको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीका अनुसार नेपाली सेना र नेपाल नागरिक उ•यन प्राधिकरणका अधिकारीसँग समन्वय गरी सहज व्यवस्थापन मिलाइएको छ । विमानस्थलदेखि होटलसम्म आवतजावत गर्न सहजीकरण भइरहेको छ । पर्यटक आवतजावतका लागि मङ्गलबारदेखि काठमाडौं र पोखरामा पर्यटकलाई सटल बसको व्यवस्था गरिएको छ ।

'पदयात्रामा निस्किएका पर्यटकलाई समस्या छैन । उनीहरू निर्वाध रूपमा यात्रा गरिरहेका छन् । खासगरी काठमाडौंमा आगमन भइरहेको र काठमाडौंबाट स्वदेश फर्किने योजनामा रहेका पर्यटकलाई समस्या भइरहेको छ । विमानस्थलदेखि होटल र होटलबाट विमानस्थलसमम लैजान सहजीकरण गरिएको छ', सिइओ जोशीले भने । उनले मंगलबार दिउँसो सडक अवरुद्ध भए पनि विमानस्थलमा रहेका पर्यटकलाई पानी बिस्कुटको व्यवस्था गरी राति सुरक्षा निकायसँगको समन्वयमा होटलमा पुऱ्याउन सहजीकरण गरिएको बताए ।

बोर्डको विवरणमा पछिल्लो १० दिनमा करिब ३५ हजार पर्यटक हवाई मार्ग भएर नेपाल भित्रिएका छन् । उनीहरूमध्ये अधिकांश पदयात्रामा निस्किएका छन् । खुम्बु क्षेत्र, अन्नपूर्ण क्षेत्र, पोखरा र केही काठमौँमा रहेका छन् । नेपालमा मनसुन सकिएर मुख्य पर्यटक सिजन सुरु हुने समय नजिकिएको छ । यो सिजनमा धेरै संख्यामा विदेशी पर्यटक नेपाल आउँछन् ।

बोर्डले विषम परिस्थितिमा पर्यटकको सूचना लिने र सहजीकरणको काम पनि गरिहेको छ । सिइओ जोशीले राष्ट्रिय अन्तरराष्ट्रिय ट्राभल ट्रेका मानिसले सूचना सोधिरहेकाले बोर्डले सहजीकरण गरिरहेको उल्लेख गर्नुभयो । उक्त प्रयोजनका निम्ति बोर्डले सात जना कर्मचारीलाई डेडिकेटेड राखेर २४ सै घण्टा सूचना दिने काम गरिएको छ । कसैलाई कुनै क्राइसेस परेको खण्डमा सूचना लिने र सम्बन्धित निकायमा सहजीकरणका लागि काम गरिएको छ । बोर्डले फोन, टोलफ्री नम्बर र इमेलमार्फत सूचना लिने र सहजीकरण गरिएको जनाएको छ ।

## व्यवसाय सञ्चालनमा ल्याउन आग्रह

■ प्रभाव संवाददाता

**हुम्ला**– हुम्लाको सदरमुकाम सिमकोट बुधबार बिहानैदेखि सुनसान देखिएको छ । सोमबार र मंगलबार मुलुकको राजधानी काठमाडौंसहित देशभर जेनजीद्वारा गरिएको प्रदर्शनका कारण मानवीय तथा भौतिक संरचनामा क्षति भएपछि यहाँका होटल, व्यवसायहरू बुधबार बिहानैदेखि बन्द भएका हुन् ।

सदरमुकाममा रहेका होटल, विभिन्न खाद्यान्नका पसललगायत व्यवसायीले आफ्नो सुरक्षालाई मध्यनजर गर्दै व्यवसाय बन्द गरेका हुन् । बालमन्दिर चोकमा सुनचाँदी पसल सञ्चालन गर्दै आएका लोकेन्द्र सुनारले भने, 'देश आन्दोलनले शिथिल भएको छ, यहाँ पनि त्यस्ता घटना नघटुन् भनेर हामीले पसलहरू बन्द गरेका हौं । देशैभर नेपाली सेना सुरक्षामा तैनाथ छ, हुम्लामा पनि सुरक्षाकर्मी बिहानैदेखि विभिन्न चोकहरूमा छन् । तर पनि आन्दोलनको भर नहुने भएकाले पसलहरू बन्द गरिएका हो ।'

### उद्योग वाणिज्य संघको विज्ञप्ति

हुम्ला उद्योग वाणिज्य संघले एक विज्ञप्ति जारी गर्दै होटल, पसल तथा व्यवसाय नियमित रूपमा सञ्चालनमा ल्याउन व्यवसायीलाई आग्रह गरेको छ । मुलुकको विषम परिस्थितिलाई मध्यनजर गरी सुशासित, विवेकशील र संयमित भएर सौहार्दपूर्ण वातावरणमा आफ्नो व्यवसाय उद्योग सञ्चालन गर्न हुन सम्पूर्ण उद्योगीहरूलाई संघका अध्यक्ष रामबहादुर भण्डारीले आग्रह गरे ।

केही दिनयतादेखि काठमाडौंसहित देशका विभिन्न सहरहरूमा घटेको घटनाप्रति गम्भीरता र दुःख व्यक्त गर्दै उक्त घटनाले राष्ट्रलाई स्तब्ध बनाउनुका साथै ठूलोमात्रामा जनधनको क्षति पुऱ्याएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## पर्यटक आवागमनमा सहजीकरण गर्न आह्वान

**काठमाडौं (प्रस)**– होटल संघ नेपालले पर्यटकलाई आवागमन सहजीकरण गर्न आह्वान गरेको छ । संघले एक विज्ञप्ति जारी गर्दै पर्यटकको आवागमनलाई सहजीकरण गर्दै पर्यटनमैत्री वातावरण सृजना गर्न माग गरेको हो ।

'विद्यमान विषम परिस्थितिबाट देशभर निषेधाज्ञा जारी भएको र विमानस्थल बन्द भई पर्यटक यात्रुहरूको भ्रमण अनिश्चित भएको हुँदा प्राथमिकताका साथ यथाशक्य छिटो व्यवस्थापन गर्नु देशको छवि र पर्यटनको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय रहेको हुँदा सम्बन्धित सबैबाट यथोचित पहल हुन होटल संघ नेपालले आह्वान गरेको छ', विज्ञप्तिमा भनिएको छ ।

वर्तमान परिस्थितिबाट प्रभावित देशका विभिन्न भागमा रहेका पर्यटकको उपयुक्त व्यवस्थापन एवं सहजीकरण गर्न होटल संघ नेपालले नेपाल पर्यटन बोर्ड तथा नेपाली सेनाको सहकार्य र संयोजनमा कार्य गर्दै आएको संघले उल्लेख गरेको छ । अलपत्र परेका पर्यटकलाई होटल आवास आवश्यकता भए होटल संघ नेपालको हटलाइन सम्पर्क नम्बर ९८५१०३१४९५ मा सम्पर्क गर्न पनि अनुरोध गरिएको छ ।

संघले आसन्न चाडपर्व र पर्यटकीय यामको प्रारम्भ हुने समयमा सिर्जित नयाँ परिवर्तन र सङ्क्रमणकालमा नेपालमा रहेका तथा आउने पर्यटकको उचित व्यवस्थापनमा होटललगायत आतिथ्य क्षेत्र सदाझैं क्रियाशील रहेको जनाएको छ । यस कार्यमा सम्बद्ध सबै पक्षबाट आवश्यक प्राथमिकता र पहल भएको खण्डमा नेपाल आउने पर्यटकबाट हुन थालेको अत्यधिक एवं अप्रत्यासित 'क्यान्सिलेसन' केही हदसम्म रोक्न मद्दत पुग्ने देखिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

होटललगायतका निजी तथा सार्वजनिक सम्पत्तिमा भएका आगजनी देशकै सम्पत्तिको विनास हो र भोलि पनि आवश्यक पर्ने यस्ता महत्वपूर्ण संरचना निर्माणमा देशकै सीमित साधन तथा स्रोत खर्चिनुपर्ने हुँदा थप विनास हुन नदिन सबैमा होटल संघले अपिल गरेको छ । संघले परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने महान् युवाको आत्माको चीर शान्तिको प्रार्थना गर्दै घाइतेको स्तरीय स्वास्थ्योपचार र शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

## हस्तकलाका सामग्री बनाउने सीपमा धनी थारु समुदाय

**कञ्चनपुर**– थारू समुदाय परम्परागत सीपमा धनी छ । पुर्खौंदेखि थारू समुदायले जोगाउँदै ल्याएका परम्परागत हस्तकलाका सामग्री व्यवसायीकरण हुनसकेका छैनन् ।

बाँस, मून्ज, घाँस, सनपाट, माटोलगायत स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने यी सामग्री ग्रामीण जीवनशैलीसँग दैनिक रूपमा जोडिएका छन् । थारू समुदायले आज पनि डेल्वा, ढक्या, पनछोपनी, छिटुवा, छतरी, पप, सुप्पा, मच्या, खन्ध्री, भौँका, गाग्री, करुवा, सुराही, गुन्द्री, मौनी, डोरी, सिकहरलगायत सामग्री प्रयोगमा ल्याइरहेका छन् ।

यी मौलिक सामग्री उत्पादन गर्ने सीप पुस्तान्तर भए पनि व्यावसायिक ज्ञान, लगानी र बजार पहुँचको अभावमा लोप हुँदै गएका समुदायका अगुवा नरेन्द्रप्रसाद चौधरीले बताए । 'परम्परागत सीपलाई उत्पादन र बजारसँग जोड्न सकिने हो भने हजारौं परिवारलाई रोजगारी दिन सकिन्छ', उनले भने, 'व्यावसायिक सोच र अनुभव नहुँदा सम्भावनामा मात्र सीमित भएको छ ।'

अहिले केही थारू युवायुवती मौलिक सामग्री बनाउने व्यवसायतर्फ आकर्षित हुन थालेका स्थानीय बताउँछन् । हस्तकलाको व्यवसायीकरणतर्फ उनीहरूको चासो न्यून छ । निर्मित सामग्री बजारसम्म पुऱ्याउन नसक्दा पुस्तान्तरण हुँदै आएको सीप घरभित्रै सीमित बनेको छ ।

शुक्लाफाँटा नगरपालिकाको उद्योग शाखा प्रमुख धनबहादुर चौधरीका अनुसार परम्परागत हस्तकलाबाट बनेका वस्तुहरू बजारको मागअनुसार परिमार्जन गर्न सके आकर्षक आयआर्जनको स्रोत बन्न सक्छन् । 'थारू महिलामध्ये आधकांश परम्परागत चोल्या, लेहङ्गा र अन्य कपडा बनाउन सिपालु छन, आधुनिक डिजाइन र आकर्षक बुट्टा राखेर बनाउन सकिने हो भने बजार खोज्नै पर्दैन', उनले भने ।

चलचित्र छायाङ्कन, सांगीतिक कार्यक्रम र नृत्यका लागि मौलिक वेशभूषा तथा सजावटी सामग्रीको माग बढ्दो छ । यसैलाई ध्यानमा राखी उत्पादनमा आधुनिकता थपेमा स्थानीयमात्र नभई अन्तरराष्ट्रिय बजारसम्म पनि लैजान सकिने सम्भावना रहेको चौधरीको बुझाइ छ ।

स्थानीयस्तरमा कच्चा पदार्थ पाइनुका साथै श्रमिक सहज रूपमा पाइने भएकाले न्यून लागतमा उत्पादन गर्न सकिने लक्ष्मण चौधरीले बताए । उनले भने, 'थारु समुदाय तराईमा बसोबास गर्ने भएकाले यसरी उत्पादन भएका हस्तकलाका वस्तुहरू सडक र यातायातमार्फत बजारसम्म पुर्याउन सहज छ, यसलाई अवसरका रूपमा उपयोग गर्ने हो भने हस्तकलालाई उद्योगस्तरमा लैजान सकिन्छ ।' उनका अनुसार गाउँमा सुप्पा, गुन्द्री, छतरी अझै बनाइन्छन् । बजारसम्म पुऱ्याउने सीप र लगानी नभएकाले कला ओझेलमा परेका उनको भनाइ छ । सरकारले तालिम र बजारको पहुँच पुऱ्याइदिने हो भने यसैबाट आम्दानी लिन सकिने उनले बताए ।

बजारको मागअनुसार नयाँ डिजाइन बनाउन तालिम चाहिन्छ', युवा व्यवसायी जानकी चौधरीले भनिन्, ' अहिले विदेशी बजारमा पनि नेपाली परम्परागत हस्तकलाको माग छ , यसलाई अन्तरराष्ट्रिय बजारसम्म लैजान सकियो भने आम्दानी गर्न प्रशस्त सम्भवाना छन् ।'

'अहिले बजारमा परम्परागत ढाँचाका कपडा, गहना र सजावटी सामग्रीको माग बढ्दो छ', सोभा खुनाले भनिन्, 'मौलिक संस्कृतिसँग जोडिएका वस्तुलाई प्राथमिकता दिने प्रवृत्ति बढिरहेको छ, यसले आर्थिक मात्र होइन, सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान दिन्छ ।'

थारू हस्तकलालाई प्रतिस्पर्धी बनाउन साना उद्यम, सहकारी संस्था र स्थानीय सरकारबीचको समन्वय अपरिहार्य रहेकामा खुनाले जोड दिइन् । बजारमुखी तालिम, लगानी, बजार व्यवस्थापन र निर्यात प्रवर्द्धन नीति ल्याउन सकिने हो भने थारू समुदायको हस्तकलाले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने उनले विश्वास व्यक्त गरिन् । *रासस*

## तनहुँमा सुन्तला बगैँचा स्थापना तथा सुदृढीकरण कार्यक्रम

**तनहुँ**– जिल्लामा सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सुरु गरिएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले आव २०८१/८२ मा सुन्तला जातका फलफूल बगैँचा स्थापना तथा विस्तारअर्न्तगत उक्त कार्यक्रम गरेको हो ।

कार्यक्रमबाट कृषक परिवार र रोजगारीमा आबद्ध गरी छ सय बढी स्थानीय प्रत्यक्ष लाभान्वित भएका कृषि प्रसार अधिकृत दिनकरमणि आचार्यले जानकारी दिए । उनका अनुसार ४३ रोपनी क्षेत्रफलमा सुन्तला जात फलफूलको नयाँ बगैँचा स्थापना गरिएको छ । यसबाट २७ कृषकका परिवार लाभान्वित भएका छन् भने छ जनाले रोजगारी पाएका छन् ।

**▸▸ जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५२२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए ।**

बगैँचा व्यवस्थापन तथा सुदृढीकरणका लागि नौ लाख ७५ हजार ५९० किलो गोठेमल, ५० हजार ८७८ किलो पिना, दुई हजार ३०९ किलो चुना, एक हजार ५४५ किलो निलो तुथो, ४० किलो रेडिमेट बोर्डो मिश्रण र दुई रोल मल्चिङ प्लाष्टिक करिब २० रोपनी क्षेत्रफलमा रहेका 'ग्रिनिङ रोग'का बिरुवा हटाई पुनः रोपण कार्यक्रम सञ्चालन भएको कृषि प्रसार अधिकृत आचार्यले जानकारी दिए । उनले भने, 'तीन सय रोपनी कलमी बिरुवा रोपण कार्य सम्पन्न भइसकेको छ ।'

सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा विस्तार कार्यक्रमका लागि रु ९९ लाख बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ । आव २०८०/८१ मा एक हजार ६५७ हेक्टर क्षेत्रफलमा सुन्तला बाली उत्पादन हुँदै आएकामा आव २०८१/८२ मा वृद्धि भई एक हजार ६७० हेक्टर क्षेत्रफल पुगेको छ । जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५२२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए । उनका अनुसार गत वर्ष रु ४२ करोड ५० लाख मूल्यको सुन्तला बिक्री भएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ